# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, मंसीर २७ गते २०५६ साल (संख्या ३४

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भंसार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४९, अतिरिक्ताङ्क २० (आ), मिति २०५६ साल भाद्र १ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको गुण्टा झिटी भारी आदेशको सूचनामा देहायबमोजिम संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छः–

१. परिच्छेद–१ को दफा ३ को उपदफा (३) को दोश्रो हरफमा रहेको "नेपाली उत्पादनका वस्तुहरू" भन्ने शब्दहरूको सट्टा "नेपाल बजारमा खरिद गरिएका वस्तुहरू" भन्ने शब्दहरू राखिएका छन् ।

२. परिच्छेद–२ को दफा ६ को शुरुमा रहेका "पासपोर्ट लिई आउने जाने विदेशी यात्रुहरूका लागि" भन्ने शब्दहरूको सट्टा "अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुहरूका लागि" भन्ने शब्दहरू राखिएका छन् ।

३. परिच्छेद–२ को दफा ६ को खण्ड (आ) मा रहेका "खपत हुने मालसामान" भन्ने शीर्षकको सट्टा "पासपोर्ट लिई आउने जाने विदेशी यात्रुहरूलाई दिइने खपत हुने मालसामानको सुविधा" भन्ने शीर्षक राखिएको छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. परिच्छेद–२ को दफा ६ को खण्ड (इ) को चौथो हरफमा रहेका "नेपालमा उत्पादित मालसामान" भन्ने शब्दहरूको सट्टा "नेपाली बजारमा खरिद गरिएका मालसामान" भन्ने शब्दहरू राखिएका छन् ।

५. अनुसूची–२ को दफा २ मा रहेका "बढीमा १५।१५ थान" भन्ने शब्दहरूको सट्टा "बढीमा १५ थान" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०